"लोकतन्त्र, स्वतन्त्रता र व्यवसायीकतामा समर्पित, आवाज बिहीनहरुको आवाज"

# लमजुङ आवाज

साप्ताहिक

*Lamjung Aawaz Weekly*

हाम्रा समस्त ग्राहक वर्गमा सुख शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

स्कूल, क्याम्पसका ड्रेस, सर्टिङ, सुटिङ, विवाह लगायत विभिन्न उत्सवका लागि चाहिने कपडा, कुर्ता सलवार तथा अन्य घरायसी काममा प्रयोग हुने कपडा सुपथ मूल्यमा हामी उपलब्ध गराउँछौं ।

प्रो. भगवान पिया

**पिया सपिङ्ग सेण्टर**

भीमसेनस्थान, बेसीशहर, (पिया मेडिकल हलसगै)

फोनः ०६६-५२०५२०

वर्ष १८ | अंक ०८ | २०८० बैशाख २६ गते मंगलबार (May 09, 2023) | पृष्ठ संख्या ६ | मूल्य रु.१०|-

# कृषि उपज विक्री नभए मर्स्याङदी गाउँपालिकाले किसानलाई लागत मूल्य दिने

बेसीशहर । लमजुङको मर्स्याङ्दी गाउँपालिकाले किसानहरूलाई ब्यवसायीक खेती गर्न उत्प्रेरित गर्दै किसानले उत्पादन गरेका कृषि उपज विक्री नभए लागत मूल्य पालिकाले तिरिदिने घोषणा गरेको छ ।

बुधबार मर्स्याङ्दी बहुउदेश्यीय कृषि सहकारीको आयोजनामा भएको उत्पादन बृद्धि तथा बजारीकरण विषयक कार्यक्रममा बोल्दै अध्यक्ष अर्जुन गुरूङले यस्तो घोषणा गरेका हुन् । गुरूङले उत्पादन बढाउन किसानलाई सहयोग गर्न गाउँपालिका तयार रहेको बताए ।

'यतिबेला भारतीय उत्पादनको तरकारी हाम्रो बजारमा आउँदा किसानहरू समस्यामा परेका छन् । भारतबाट तरकारी आयत रोक्ने काम संघीय सरकारको हो', अध्यक्ष गुरूङले भने, 'बाहिरबाट आउने तरकारी विस्थापित गर्नेगरी यही उत्पादन बढाउनुहोस, हामी हातेमालो गर्न तयार छौं ।'

किसानको उत्पादन विक्री गर्न कृषि सहकारी स्थापना गरिएकाले सबै किसानले यही ल्याएर विक्री गर्न आग्रह गरे । सहकारी मार्फत बजारको खोजी गरी विक्री गरिने र विक्री नै हुन नसके किसानलाई पर्ने उत्पादन लागत मूल्य गाउँपालिकाले ब्यहोर्न तयार रहेको भन्दै उनले किसानहरूलाई हौसला दिए ।

सबै किसानले अनुदान पाउने गरी उत्पादनमा आधारित अनुदानको ब्यवस्था गर्न लागिएको उनले बताए । 'उत्पादन बृद्धि गर्न दुध र तरकारीमा उत्पादनमा आधारित अनुदान दिने गरी एउटा मोडल तयार गर्दै छौं', उनले भने, 'मापदण्ड बनाएर किसान सुरक्षा भत्ताको ब्यवस्था गर्छौं ।'



एक वडा एक कृषि प्राविधिकको ब्यवस्था गरिएकाले प्राविधिकहरूलाई किसानको गोठ तथा बारीमा पुगेर सेवा दिन उनले आग्रह गरे । प्राविधिक किसानको गोठ तथा बारीमा नपुगे कारबाही गरिने उनले बताए ।

पूर्व उपाध्यक्ष होमबहादुर विकले कृषि उत्पादन बढाउन किसानलाई प्राविधिक र अनुदान सहयोगलाई प्रभावकारी बनाउनुपर्ने बताए । वडा नं. ८ का अध्यक्ष धनसिं तामाङ, साना किसान कृषि सहकारीका अध्यक्ष हिरादेवी घले, किसान सञ्जालका अध्यक्ष भिष्मकान्त कुईकेलले कृषि उत्पादन बृद्धि गर्दै बजारीकरणमा जोड दिन आग्रह गरे ।

सहकारीका अध्यक्ष नवीनराज कुइँकेलको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी किसानहरूले आफुँहरू उत्पादन गर्न तयार रहेपनि बजारको समस्या भएको गुनासो गरेका थिए । उनीहरूले बजारसँगै (बाँकी पृष्ठ ३ मा)

# नमूना अस्पतालमा सुरक्षित प्रसुति सेवा शुरु गर्न नगरपालिकाको स्वीकृति

सुन्दरबजार । सुन्दरबजारमा सञ्चालित नमूना सामूदायिक अस्पतालले अस्पतालमा प्रसुति सेवा निःशुल्क उपलब्ध गराउने भएको छ । सुन्दरबजार नगरपालिकाको स्वास्थ्य शाखाले आवश्यक अनुगमन गरी आमा सुरक्षा कार्यक्रम संचालन गर्न अनुमति दिएसंगै उक्त अस्पतालमा प्रसुति सेवा निःशुल्क गर्न लागिएको हो ।

सुन्दरबजार नगरपालिका भित्र तीनबटा विभिन्न स्वास्थ्य संस्थामा प्रसुति सेवा उपलब्ध छ । चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र, चयनपाटा, कुन्छा स्वास्थ्य चौकी र सुन्दरबजार अस्पतालमा प्रसुति सेवा उपलब्ध रहेपनि यी संस्थाहरूमा सुत्केरी गराउनेको संख्या अत्यन्तै न्यून छ । श्रोत साधनको अभावले भरपर्दो र सुरक्षित प्रसुति सेवा यहाँबाट हुन नसक्ने भएकाले यी स्वास्थ्य संस्थामा सामान्य अवस्थाका बाहेक अन्य सेवा उपलब्ध छैन ।




२१ बर्षसम्म लमजुङको जिल्ला अस्पतालको ब्यवस्थापन गरेको मानव विकास तथा सामुदायिक सेवा (एचडिसिएस)ले सुन्दरबजारको नमुना सामुदायिक अस्पतालको ब्यवस्थापन सम्हाले लगतै उक्त अस्पतालमा दक्ष स्वास्थ्यकर्मीका साथ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डाक्टरको सेवा समेत उपलब्ध छ ।

अस्पतालमा दक्ष जनशक्ति रहेको र आवश्यक पर्दा शल्यक्रिया सेवा समेत उपलब्ध भएकाले नमुना सामुदायिक अस्पताललाई उक्त सेवा सञ्चालनको अनुमति दिइएकको सुन्दरबजार नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । नमुना अस्पतालमा अन्य स्वास्थ्य संस्थाहरूले समेत सुरक्षित प्रसुति सेवाको लागि सुत्केरी महिलालाई रिफर गर्न सक्ने नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख परमेश्वर पियाले जानकारी दिए ।

नमूना अस्पतालका निर्देशक हेमन्त श्रेष्ठका अनुसार अस्पतालमाछुट्टै प्रसुति विभाग र (बाँकी पृष्ठ ३ मा)

**सम्पूर्ण ग्राहकहरूमा हार्दिक स्वागत गर्दछौं ।**

लमजुङ जिल्लामै पहिलो पटक नेपालको पहिलाअन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त तिसा ज्वेलर्स एण्ड डाइमण्डसंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु विक्री शुरु गरिएको जानकारी गराउँछौं ।

- नेपालको पहिलो अन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त ज्वेलर्ससंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु
- कम्प्युटर तौलमा मेसिन कटिङ गरिएका तयारी तथा अर्डर अनुसारका आधुनिक एवं परम्परागत गरगहना पाइने ।
- प्रत्येक गहनामा पसलको ग्यारेन्टी छाप लगाई ग्यारेन्टी विल दिइने ।
- पुराना गहनाहरुसंग नयाँ गहना साट्न पाइने ।
- राशी अनुसारका अन्य किसिमका पत्थरहरु पाइने ।





"तपाइँको सन्तुष्टि नै हाम्रो लक्ष्य हो ।"

प्रो. बमबहादुर विश्वकर्मा

सुरज विश्वकर्मा

**जय लक्ष्मी सुनचाँदी पसल**

बेसीशहर-२, भीमसेन टोल, लमजुङ

हामीकहाँ राशी अनुसारको रत्न जडित औंठी पनि बनाईन्छ ।

## लमजुङ आवाज साप्ताहिक

**प्रकाशक/प्रधान सम्पादक: कल्पना शर्मा दनाई**
**कार्यकारी सम्पादक: मिलन शर्मा दनाईं**
**प्रमुख समाचारदाता: सरिता थापा घिमिरे**
**समाचारदाताहरू:**
**रमेशचन्द्र घिमिरे - (मध्यनेपाल)**
**केशवप्रसाद अधिकारी (सुन्दरबजार)**
**मनाङ ब्युरो प्रमुख (नवीन लामिछाने**
**कार्यालय: शेराबजार, बेसीशहर फोन: ०६६-५२०००२**
URL: www.lamjungnews.com
**इमेल**:milanshar@gmail.com,
lmjaawaj@gmail.com
**कम्प्युटर: लमजुङ आवाज डेस्कटप**
**मुद्रण: जनप्रेमी अफसेट प्रेस, बेसीशहर, फोन: ५२०२२७**


# प्रकाशकीय........

## सामुदायिक विद्यालय सुधार गर्न शिक्षक नै जिम्मेवार हुनुपर्छ

केही दिनअघि गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री, नेकपा एमालेका उपमहासचिव पूर्व मन्त्री एवं प्रतिनिधि सभा सदस्य पृथ्वीसुब्बा गुरुङले सार्वजनिके विद्यालयमा विद्यार्थी संख्या र गुणस्तर खस्केको भन्दै चिन्ता ब्यक्त गरे । एमालेले सञ्चालन गरेको मिसन ग्रासरुट कार्यक्रम अन्तर्गत गाउँ गाउँमा कार्यक्रममा हिँडेका गुरुङलाई गृहजिल्लामा विभिन्न कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोलाइन्छ । यसै क्रममा केही दिन अघि उनले लमजुङको सुदुर पश्चिमको पसगाउँ र सिङदीमा रहेका दुईवटा छुट्टाछुट्टै विद्यालयको बार्षिकोत्सव उद्घाटन गरे । पसगाउँको पसगाउँ ठाँटी माविको बार्षिकोत्सव समारोहमा बोल्दै उनले विद्यालयमा भौतिक संरचना, खानेपानी, शौचालय सवै भए पनि विद्यालयमा शैक्षिक गुणस्तर नभएको भन्दै चिन्ता ब्यक्त गर । हुन त उनी एक्ला होइनन् यस्तो चिन्ता गर्नेमा । विद्यालयको बार्षिकोत्सवमा अतिथिको रूपमा बोल्ने अधिकांशले विद्यालयहरूमा शैक्षिक गुणस्तर घटेको कुरा मात्र गरेनन्, सामुदायिक विद्यालयमा विद्यार्थी घट्दै गएकोमा समेत चिन्ता गरे । विद्यालयमा विद्यार्थी टिकाउने खालको योजना नहुँदा विद्यार्थी वर्षेनी घट्दै गएको कार्यक्रमका सहभागीले बताए । उसै त लमजुङका ग्रामीण भेगमा जनसंख्या कम छ । त्यसमाथि सुविधाको खोजीमा शहरमा बस्नेहरूको बाक्लो जमात छ । वैदेशिक रोजगारले मानिसहरूको प्रतिब्यक्ति आय बृद्धि भएसंगै गाउँ छोडेर शहरमा बस्नेहरू बढिरहेका छन् । सक्नेहरूले शहरमा घरै बनाएका छन्, घर बनाउन नसक्नेहरू पनि भाडामै भए पनि शहरमा बसेर छोराछोरीलाई नीजि विद्यालयमा पढाउने क्रम बढ्दा गाउँका विद्यालयमा विद्यार्थी घट्नु स्वभाविकै हो । नेपाल सरकारले शिक्षामा उच्च लगानी गरेको छ । देशको बजेटको सबै भन्दा धेरै अंश शिक्षा क्षेत्रमै खर्च हुने गरेको छ । विद्यालयहरूमा स्थायी शिक्षक, ती शिक्षकहरूलाई तालिमको ब्यवस्था गरेको छ । हुन पनि शिक्षामा गरेको लगानी खेर जाँदैन । त्यसैले हरेक देशले शिक्षाका लागि ठूलो लगानी गर्छन्, नेपालमा पनि त्यस्तै छ । तर राज्यले गरेको लगानीको सही प्रतिफल आएको देखिन्न । सरकारी लगानीले गुणस्तर कायम गर्न र सामुदायिक विद्यालयमा विद्यार्थी टिक्ने वातावरण बनाउन नसक्नुको पछाडि भने सरकारकै कमजोरी देखिन्छ । संघीय, प्रदेश र स्थानीय सरकार समेत सामुदायिक विद्यालयको अवस्थादेखि चिन्तित देखिन्नन् । विद्यालयको भौतिक अवस्था कस्तो छ, शिक्षकहरू पढाउन जान्छन् कि जाँदैनन्, कस्तो पढाउँछन् ? विषय विज्ञ शिक्षक छन् छैनन्, विद्यालयमा शिक्षकको दर बन्दीको अवस्था के छ ? अपुग छ कि ? भन्नेबारे चासो कतैबाट भएको देखिन्न । अर्कोतिर सामुदायिक विद्यालयमा शिक्षकहरू पनि जिम्मेवार देखिदैनन् । राजाको काम कहिले जाला घाम भनेझैं १० बजे विद्यालय गएर कतिबेला ४ बज्ला र हिडुँला भन्ने नै अधिकांश शिक्षकहरूको ध्याउन्न देखिन्छ । विद्यार्थीले पढाएको बुझे वा बुझेनन्, गृहकार्य गरे गरेनन्, कुन विद्यार्थीले पढाएको बुझेन ? कसरी बुझाउने भन्ने चिन्ता धेरै शिक्षकहरूमा देखिन्न । शिक्षकले पढाएको विद्यार्थीले बुझेन भने त्यो शिक्षक नै होइन । किनकी विद्यार्थी भनेको काँचो माटा हो । जसरी कुमालेले काँचो माटोलाई विभिन्न स्वरमा ढालेर भाँडाकुँडा बनाउछ, त्यस्तै शिक्षकले अबोध बालकलाई ज्ञान दिएर उसलाई शिक्षित, सभ्य र जिम्मेवार नागरिक बनाउँछ । शिक्षकलाई गुरू त्यसै भनिएको होइन, गुरू भनेको बाटो देखाउने हो । मान्छेलाई भविष्यको बाटो देखाउने भएकाले शिक्षक गुरुहरूलाई हाम्रा धर्मशास्त्रले समेत भगवानको दर्जा दिएका छन् । तर हाम्रा शिक्षकहरूले यो बुझेझैं लाग्दैन । बस विद्यालय जाने र तलब पचाउने बाहेक धेरै सर कारी विद्यालयका शिक्षकहरूले आफ्नो कतब्यको बोध गरेका देखिन्न । यसै कारण शिक्षामा गुणस्तर नभएको हो । विद्यार्थीलाई ज्ञान दिने, पढेर असल मानिस बनाउने प्रेरणा दिने, अभिभावकहरूलाई पनि छोराछोरीको पढाइमा ध्यान दिन लगाउने हो भने शिक्षकको कर्तब्य पुरा भएको मानिन्छ । असल शिक्षकले यस्तै गर्नुपर्छ अनि मात्र विद्यालयमा गुणस्तर कायम भइ असल नागरिक उत्पादन गर्न सकिन्छ ।

# कानुनी राज र स्वतन्त्र न्यायपालिका



**♦बद्रीनरसिंह के.सी**

एक वर्ष भन्दा लामो समयदेखि मुलुक प्रधानन्यायाधीशबिहीन हुनु लोकतन्त्रका लागि लज्जास्पद कुरा हुनुपर्ने हो तर यो आपत्तिजनक अवस्थाप्रति लोकतान्त्रिक सत्ता र पार्टीका सञ्चालकको मन पोलेको नदेखिनु भ्रन् आश्चर्य हो। नयाँ प्रधानन्यायाधीशको प्रतिक्षा गरिएको लामो समय ब्यतित भइसक्यो। कानुनी राज र विधिको शासन सच्चा लोकतन्त्रको आत्मा हो।

'लोकतान्त्रिक गणतन्त्र' मा न्याय र कानुन क्षेत्रमा यसअघि कहिल्यै नदेखेका र नभोगेका घटना एकपछि अर्को प्रकट भइरहेका छन्। सत्ता शिखर मै कानुनी राजको बर्खिलाप गतिविधि भएपछि त्यस राज्यका जनताले न्याय पाएका होलान् भनेर आसा-अपेक्षा गर्ने अवसर नै कहाँ रहला?

लोकतन्त्र निरर्थक, मुलुक अभिशप्त र सत्तारूढ दल असफल नबनोस् भन्ने हितैषी चेतनाबाट निर्देषित हुँदै आमकानुन ब्यवसायीको भावनालाई समेट्न खोज्दा यस्ता बहसका विषय अवश्य उठ्छन्। उत्तरदायी शासन हो भने नागरिकबाट उठ्ने सवालप्रति सर कार उत्तरदायी हुनुपर्छ र यस्ता बहसलाई सम्बोधन गर्नुपर्छ। प्रधानन्यायाधीश न्यायपालिकाको प्रमुखमात्र होइनन्, राष्ट्रको आवश्यकताअनुरुप महत्वपूर्ण जिम्मेवारी सम्हाल्नुपर्ने अभिभावकजन्य ब्यक्तित्व हुन् भन्ने उदाहरण नेपालमा प्रधानन्यायाधीश चुनावी मन्त्रिपरिषद्को अध्यक्ष भएर आफ्नो जिम्मेवारी निर्वाह गरेको उदाहरण छँदैछ, भारत र बंगलादेशमा पनि विगतमा यस्तो परिस्थिति आएको तथ्य राज्य सञ्चालकहरुले बुझ्नुपर्छ। बहाना बनाएर उम्केको भरमा राज्यब्यवस्था चल्दैन।

निहित राजनीतिक स्वार्थ पूर्तिका लागि आज ब्यवस्थापिकालाई साधन बनाएर राज्यका दुई सर्वोच्च अंगहरु- कार्यपालिका र न्यायपालिकाबीच सर्वघाती आरोप-प्रत्यारोप, कलह, द्वन्द्व र अविश्वास बढाएर साख तथा जनविश्वास समाप्त बनाइदिने दुष्प्रयासका पछाडि नियोजित षड्यन्त्र नहोला भन्न सकिन्न। यो संविधान कार्यान्वियनका क्रममा पाँच वर्षको अन्तरालमा संस[illegible]ा दुईजना प्रधानन्यायाधीशमाथि महाअभियोग लगाएर न्याय सम्पादनमा त्रास र भयको वातावरण खडा गर्न खोजियो। इमानदार, स्वाभिमानी र कर्तब्यमा निर्भिक एकजना प्रधानन्यायाधीश विरूद्ध प्रतिशोधबाट ग्रसित, बिनाअभियोगको महाअभियोग लगाउँदा होस् वा महाअभियोगको कुनै टुंगो नलगाइ प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको अवधि समाप्त पारिएको होस् वा सर्वोच्च अदालतका अन्य न्यायाधीशउपर महाअभियोग लगाउने प्रयास जे/जसरी भयो, न्यायपालिकाउपरको जनविश्वास समाप्त पार्ने र न्यायिक वातावरण बिथोल्ने षड्यन्त्रका रुपमा देखियो। न्यायपालिकाभित्र विद्यमान भ्रष्टाचार, विकृति र विसंगतिको बयान गरेर साध्य छैन। सब भन्दा बढी भ्रष्टाचार हुने केही क्षेत्रमध्ये न्यायपालिका पनि पर्छ। वरिष्ठ अधिवक्ता प्रकाश वस्तीको संयोजकत्वमा गठित न्यायपालिका सुधारसम्बन्धी प्रतिवेदनले २८ किसिमका दलाल (बिचौलिया) ले न्यायपालिकाको कार्यसम्पादनमा निर्णायक र घातक असर पारिरहको उल्लेख थियो। त्यसैले यसको आमूल शल्यक्रिया उपचार नितान्त आवश्यक छ।

न्यायाधीशको चरित्र र न्यायपालिकाभित्रको बेथितिमा सर्वोच्च अदालतका न्यायाधीश ईश्वर खतिवडाले पदमा बहाल भएकै अवस्थामा एउटा विचारोत्तेजक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। २०७१ मा उहाँको अगुवाइमा 'न्यायाधीशको चरित्र र न्यायपालिकाभित्रको बेथिति' बारे तयार पारिएको र न्यायाधीश सम्मेलनमा प्रस्तुत सो रोचक रिपोर्टको सम्झना गराउँछ, "खराब चरित्र भएकालाई न्यायाधीश पदमा आसीन गराएर आदर्श ब्यक्ति बनाउने महँगो दुष्प्रयास गरिनु हुँदैन....,न्यायाधीशको पदमा आसिन ब्यक्तिलाई अरु कसैले पदीय आचरण वा अनुशासन कायम राख्न औँला ठड्याउने अवस्था पैदा हुनु लज्जास्पद र अशोभनीय विषय बन्दछ....,न्यायाधीशहरु निष्ठावान्, जिम्मेवार र उत्तरदायी हुनुपर्छ भन्ने मान्यता राख्दाराख्दै त्यसो नभएका दृष्टान्तहरु बेलाबेलामा देखिने गरेका छन्, ...न्यायाधीशलाई प्राप्त न्यायिक स्वतन्त्रता स्वच्छ, तटस्थ र निष्पक्ष न्यायसम्पादनका लागि हो। स्वेच्छाचारी र स्वच्छन्द हुनका लागि होइन...।"

"...राजनीतिक भागबन्डाले न्यायालयमा प्रवेश पायो भनी छापाहरुमा र सडकमा किन तीखो टिकाटीप्पणी भइरहेको छ? राजनीतिक संरक्षणको आश्रयस्थल खोजी आफूलाई सुरक्षित ठान्ने रहर न्यायाधीशहरुमा मौलाउँदै गयो भने आचारसंहिताले आत्मसात गरेका मूल्य/मान्यतासँग स्वतन्त्र न्यायपालिकाको अस्मितासमेतमा आघात पुग्न जाने निश्चित छ। विभिन्न शक्तिकेन्द्र खोज्दै हिँड्ने प्रवृत्तिलाई न्यायपालिकामा प्रवेश हुन दिन कदापि हुँदैन।"

भ्रष्टाचार तथा दलाल ( बिचौलिया) को बिगबिगी, विवादास्पद न्याय सम्पादन तथा न्यायमा ढिलासुस्ती, मुद्दाको चाप घटाउन नसकेको अवस्थामा अनिवार्य सुधारको आवश्यकता सबैले अनुभव गरि रहेको कुरा हो। यस्ता विकृति, विसंगति, भ्रष्टाचार र अख्तियारको दुरुपयोगबाट मुक्त नगरेसम्म कानुनी राज तथा विधिको शासनले सार्थकता नपाउने वास्तविकता अकाट्य छ। जति जति राजनीतिक परिवर्तन थपिँदै गएको छ, न्याय ब्यवस्था त्यति नै लथालिङ्ग र छाडा हुँदै गएको सबैलाई अनुभव छ। बहुदलीय प्रजातान्त्रिक प्रणालीमा राज्य ब्यवस्थाको आधार नै न्याय ब्यवस्थालाई मानेर शासकीय जिम्मेवारी तय हुने गर्थ्यो। आजका दिनहरुमा न्याय ब्यवस्थालाई बिथोलेको आधारमा 'लोकतान्त्रिक शासन' को मापदण्ड हुने गरेको छ।

(प्रधान)न्यायाधीश नियुक्ति चुनौतीपूर्ण भए तापनि सुयोग्य नेतृत्वले चुनौतीको सामना र षड्यन्त्रलाई चिर्दै परिणाममुखी, जनमुखी र भविष्यमुखी भएर अगाडि बढ्नुपर्ने हो। यसबारे राजनीतिक वृत्तमा जे/जस्ता अड्कलबाजी र चर्चा भइरहेका छन्, त्यसले हाम्रो न्याय प्रणाली र न्यायपालिकाको जनविश्वास बढाउन कदापि सक्दैन। तर केही वर्षयता न्यायपालिका, न्यायाधीश र उनीहरुको कार्यसम्पादनलाई लिएर जे/जस्ता अविश्वासजन्य चर्चा र विवाद उठिरहेका छन्, त्यसलाई न्यायको मर्यादाका लागि स्वाभाविक मान्न सकिन्न। प्रत्येक स्वतन्त्र नागरिकले स्वतन्त्र न्यायपालिकालाई आफ्नो न्यायको स्रोत र संरक्षकका रुपमा आस्था र विश्वास बढाउने वातावरण पाउनुपर्छ। न्यायाधीशहरुलाई राजनीतिक चश्माले हेर्ने वा उनीहरुबाट राजनीतिक तृष्णा मेटाउन खोज्ने नेताको राजनीतिमा कुनै काम छैन। सिद्धान्तहीन र सत्ताका लागि तल्लीन नेताले न्यायको मर्यादा राख्न सक्दैन। मुलुकमा असल राजनीतिक प्रणाली बसाल्ने जिम्मेवारी बोकेका राजनीतिक नेताहरु आजकल न्यायाधीशसमेत आफ्नै पार्टीको कार्डहोल्डर, कम्तीमा आफ्नो तावेदारलाई नियुक्त गर्ने दुष्प्रयासको परम्परा र होडबाजी चलाइरहेका देखिन्छन्। न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र गरिमालाई यस्तो प्रवृत्तिले नराम्रोसँग बिगारेको छ।

कार्यपालिका र न्यायपालिकालाई साधन बनाएर राज्यका यी दुई सर्वोच्च अंगहरुका बीच अवाञ्छित वादविवाद र अविश्वास बढाएर साख तथा जनविश्वास समाप्त बनाइदिने नियोजित दाउ लगाइरहेको आभास हुँदैछ। लोकतन्त्र र विधिको शासनको पहिलो विशेषता भनेकै स्वतन्त्र, निष्पक्ष र निर्भिक न्यायकर्ता न्यायपालिका हो। वास्तवमा कुनै पार्टीले शक्तिशाली सरकार गठन गर्नुको अर्थ राज्यका अन्य स्वतन्त्र अंगमाथि त्यस्तो पार्टी र सरकारको दबाब र पेलाई सहनुपर्ने बाध्यताका लागि हुन सक्दैन। सरकारले आफ्नो गरिमा र कानुनी राज्यको आचरण देखाउनुपर्दछ तर राज्यका अन्य अङ्गविरूद्ध तुजुक देखाउनु हुँदैन।

नेपालको सर्वोच्च अदालतले विगतमा प्राकृतिक न्यायमा आधारित अनेकौं घतलाग्दा नजीर प्रतिपादन गर्ने गर्थ्यो। नेपाल विद्यार्थी संघ स्थापना गर्दा त्यसै अभियोगमा पक्राउ परेका तत्कालीन विद्यार्थी नेताहरुलाई सरकारले विशेष अदालत गठन गरेर मुद्दा लगाई जनही पाँच सय रूपियाँ दण्ड-जरिवाना गर्दा चित्त नबुझेपछि परेको रिट निवेदनमा नजिर जारी गर्दै फैसलामा भनिएको थियो, "ब्यक्ति आफ्नो (बाँकी पृष्ठ ३ मा)

## कानुनी राज....

मुद्दामा स्वयं न्यायाधीश हुन कानुनतः नमिल्ने जस्तै सरकार पनि आफ्नो मुद्दामा आफैं न्यायाधीश हुन सक्दैन।" सर्वोच्च अदालतको काम/कार बाहीलाई लिएर सरकार वा राजदर बारबाट हस्तक्षेप हुँदैनथ्यो। आजकाल त अघोषित नजिर देखापरिरहेका छन् जसले सिङ्गो न्यायपालिकालाई नै बदनाम गरिरहेका छन्। न्यायाधीशको नियुक्ति, उनीहरुको योग्यता, जन्म मिति र कार्यकालको विवादका विषयहरु सुन्नमा आइरहन्छन्।

लोकतन्त्रलाई जनताको आवश्यकताअनुरुप विकसित र सुदृढ गर्ने हो भने न्यायपालिका स्वतन्त्र, निष्पक्ष र सबै आयाममा योग्य तथा सक्षम बनाउनै पर्छ। सत्तालिप्साको र ाजनीति र सत्तामा शक्तिशाली वर्चश्व राखिरहने नियत हो भने अहिलेको बेथिति झन् बढेर जाने निश्चित छ र न्यायालय जनताको आस्था र शक्तिको केन्द्र नभएर जनताउपरको यातनायन्त्र बन्न पुग्छ। जुन राज्यमा न्याय मर्छ, त्यहाँ सबै तत्वको अस्तित्व निरर्थक हुन्छ र अपराधको खतरा बढ्छ। न्यायको भावनामा आधारित हाम्रा धर्मशास्त्रहरुबाट पाइएको यो चेतना वा जागरूकताले आधुनिक राज्य व्यवस्थालाई पनि मार्गदर्शन गरिरहेको छ। राज्यको पहिलो अनिवार्य कर्तव्य न्याय स्थापना र सबै नागरिकलाई न्याय उपलब्ध गराउनु हो।

श्रोतःनागरिकन्यूजअनलाइन

## कृषि उपज....

प्राविधिक सहयोग र तालिमको आवश्यकता रहेको बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, वडा नं. ३ का अध्यक्ष दुधमान तामाङ, वडा नं. ७ का अध्यक्ष तिलबहादुर गुरूङ, कृषि शाखा प्रमुख तिलक कट्टेल, पशु शाखा प्रमुख जीवनमाया वली, उद्योग बाणिज्य संघ खुदी इकाईका अध्यक्ष सूर्यप्रकाश कतिलालगायत सबै वडाका ब्यवसायिक किसानहरूको उपस्थिति थियो । सहकारीका सचिव ऋषिराम बस्नेतले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष यामलाल तामाङले स्वागत मन्तब्य राखेका थिए ।

## लमजुङ जिल्लाका अत्यावश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| **एम्बुलेन्सहरू** | |
| जिल्ला अस्पताल लमजुङ | ०६६-५२०१८३, ९८६४३८९०३४ |
| लमजुङ मोडेल अस्पताल | ०६६५२०००४ |
| उदीपुर स्वास्थ्य चौकी | ९८४६९००६२० |
| खुदी एम्बुलेन्स | ९८६४३८९२६६ |
| अर्चलबोट एम्बुलेन्स | ९८४६९९५७२४ |
| दोर्दी एम्बुलेन्स | ९८६६०८७३९१ |
| गौंडा प्राथामिक स्वास्थ्य केन्द्र | ९८६६०२२८६१ |
| स्व. सानु नूरनिधि पाण्डे स्मृति संस्था | ९८६६०८७३९१ |
| सामुदायिक भोटेओडार | ९८४६१२८४३६ |
| उपल्लो दोर्दी एम्बुलेन्स | ९८६४३८९०६५ |
| चक्रतीर्थ एम्बुलेन्स | ९८६६०२६०३० |
| राइनास मोहोरिया एम्बुलेन्स | ९८६६०९९२०० |
| सहोदर अस्पताल | ९८२६१६४७१४ |
| कर्मदा अस्पताल | ९८५६०४६३३८ |
| इन्द्रराज डोलकुमारी स्मृति संस्था | ९८२९११९३८० |
| कडरिया प्रतिष्ठान | ९८५६०४६५२० |
| ग्रामीण विकास | ९८४६९९५२९० |
| **अस्पताल** | |
| लमजुङ जिल्ला अस्पताल | ०६६-५२०१८३, ५२०४५२ |
| नमूना सामुदायिक अस्पताल सुन्दरबजार | ०६६-४०२१२३, ४०२१२४ |
| लमजुङ मोडेल अस्ताल, बेसीशहर | ०६६-५२०००४ |
| **सरकारी कार्यालय** | |
| लमजुङ जिल्ला अदालत | ०६६-५२०१९५ |
| जिल्ला प्रशासन कार्यालय, लमजुङ | ०६६-५२०१३३, ५२०१३४ |
| जिल्ला समन्वय समिति, लमजुङ | ०६६-५२०१४४, ५२०१४३, ५२०२८१ |
| जिल्ला प्रहरी कार्यालय, लमजुङ | ०६६-५२०१९६, ५२०१९८, |
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला निर्वाचन कार्यालय | ०६६-५२०१३२ |
| जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ | ०६६-५२०११९ |
| कृषि ज्ञान केन्द्र | ०६६-५२०१३० |
| भेटेरीनरी अस्पताल | ०६६-५२०१३१ |
| शिक्षा समन्वय इकाइ | ०६६-५२०१०५, ५२०४३० |
| मालपोत कार्यालय | ०६६-५२०२०१ |
| घरेलु तथा साना उद्योग विकास समिति | ०६६-५२०२०२ |
| **विद्युत/टेलिकम** | |
| लमजुङ विद्युत उपभोक्ता संस्था | ०६६-५२०१७७, ५२०४२५ |
| नेपाल विद्युत प्राधिकरण उदीपुर सबस्टेशन | ०६६-५२०३७७ |
| नेपाल टेलिकम, लमजुङ | ०६६-५२०१११, ५२०११२, ५२०५०० |
| **बस/माइक्रो काउण्टर** | |
| पृथ्वी राजमार्ग बस सञ्चालक समिति | ०६६-५२०१७१ |
| लमजुङ कालिका यातायात संञ्चालक समिति | ०६६-५२०३७०, ९८५६०४५००२ (मनाङे चौतारा) |
| **सञ्चारमाध्यम** | |
| लमजुङ आवाज साप्ताहिक | ०६६-५२०००२ |
| रेडियो लमजुङ | ०६६-५२०८११, ८१२, ८१३ |
| रेडियो मर्स्याङ्दी | ०६६- ५२००२०, ५२०५४७ |
| रेडियो चौतारी | ०६६-५२११८३, ५२११८५ |
| रेडियो भोटेओडार | ०६६-४००१६१, ४००१६२ |

## नमूना अस्पताल....

गाईनोलोजिष्ट सेवा समेत उपलब्ध हुँदै छ । वेसीशहरमा सुरक्षित प्रसुति सेवालाई प्रभावकारी रूपमा संचालन गरेको एचडिसिएसले नमूना सामूदायिक अस्पतालमा समेत प्रसुति वार्ड व्यवस्थापन गरिसकेको छ । अस्पतालमा उपलब्ध सेवा सुविधा, वार्ड लगायतको अनुगमन पछि स्वास्थ्य शाखाले आमा सुरक्षा कार्यक्रम संचालन गर्न स्वीकृत प्रदान गरेको हो ।

अव नमूना सामूदायिक अस्पतालबाट गर्भवती महिलाहरूले निःशुल्क परामर्श, स्वास्थ्य चेकजाँच, गर्भवती परीक्षण, प्रसुति सेवा लगायतका सेवा पाउनेछन् ।

नमूना सामूदायिक अस्पतालमा निःशुल्क प्रसुति गराउने महिलाहरूले सरकारको आमा सुरक्षा कार्यक्रम अन्तर्गत पाउने २ हजार रूपैयाँ, न्यानो झोला, गर्भावस्थामा नियमित परीक्षण गराउनेलाई थप ८ सय रूपैयाँ उपलब्ध हुनेछ । एचडिसिएसले कार्यक्रमको प्रभावकारीता हेरेर पछिल्ला दिनमा थप सुविधा पनि दिन सक्ने अस्पतालका प्रमुख श्रेष्ठले जानकारी दिए ।

## कृषि उपज....

क्षेत्रमा काम गरेको अध्यक्ष गुरूङको भनाई छ । यसअघि गाउँपालिका अन्तर्गतका प्रत्येक टोल बस्तीहरूमा फोहर संकलन गरी गाउँपालिकाकै ट्याँक्टरले डम्पीङ साईटमा व्यवस्थापन गर्दै आएको र अव त्यसलाई अझै व्यवस्थीत बनाउन पुनः सफा मर्स्याङदी अभियानलाई निर न्तरता दिन लागिएको अध्यक्ष गुरूङले बताउनुभयो ।

सफा मर्स्याङदी अभियान अन्तर्गत प्रत्येक वडा तथा टोलहरूमा स्थानिय सरोकारवाला व्यक्ती, संघ सँस्थाहरूको संयुक्त सहभागितामा एकैसाथ सरसफाई गरीने गाउँपालिकाले जनाएको छ । सो सँगै प्रत्येक गाउँ बस्तीहरूमा फोहोर व्यवस्थापन र प्रयोगका बारेमा सचेतनामुलक कार्यक्रम समेत गर्ने जनाएको छ ।

गाउँपालिकाले पालिका अन्तर्गतका सवै वडा तथा टोलहरूमा पुगेर फोहोर संकलन तथा व्यवस्थापन गर्दै आएको छ । अवका दिनहरूमा अझै त्यसलाइ व्यवस्थीत गर्न फोहोर को बर्गिकरण गर्ने, कुहिने र नकुहिने फोहोर छुट्याउने, पुन प्रयोग गर्न सकिने फोहोरको उचित प्रयोगका लागि पहल गर्ने जस्ता क्रियाकलाप गर्ने भएको छ ।

## बुद्ध जयन्ती....

वौद्ध धर्मले सवैलाई हिसांको मार्ग्ग छोडी सत्य र शान्तिको मार्गमा हिड्न सिकाएको र सोही अनुसार हामीले हाम्रो वाटो तय गरेमा समाजमा शुसाशन र शान्ति स्थापना हुने उनीहरूको भनाइ थियो । कार्यक्रममा बेसीशहर इकाइमा आवद्ध ५ वटा टोलहरू शान्ति टोल, मनाङेचौतारा, सहजी, प्रगतीटोल र सेराटोलका आमा तथा वावा समूहहरूले विविध सास्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । इकाइका उपाध्यक्ष मिल बहादुर गुरूङको अध्यक्षतमा कार्यक्रम भएको थियो ।

# झिनामसिना कुराहरू (लघुकथा)

—धनराज गिरी

----- एकछिन बिहानीको ताजा हावा खान,घाम ताप्न र मनको कुरा फुक्काफालसित भन्न प्रोफेसरपत्नी कल्याणी खुशी आफ्नो जीवनसाथीसित," आर्यपुत्र, जिया स्कूल गई,रिया अहिले निदाएकी छे,जाने होइन मोर्लिङ वाक?" पत्नीको मनोविज्ञान बुझेको छ प्रोफेसर सूर्यनारायण कल्पवृक्ष आनन्दले," आनन्द र खुशी" जोडी पनि साहित्यिक छ,पोयटिक छ,रोमान्टिक पनि। " आहा,हाम्री आमा कति राम्री!" छोरीहरुको यो टिप्सले खुशीको अनुहारमा अझ बढी लालिमा थप्छ। निस्किए जोडी । अलिपर पुगेपछि," साथी, हामी नेपालबाट यहाँ आएको लगभग पाँच महिना हुनथाल्यो,आजसम्म,नन्द,दुई छोरी र क्यानडाबाट सम्धिनीको जोडी बाहेक कसैले पनि वास्ता गरेको, सन्चो बिसन्चो सोधेको थाहा भएन।हजुर साथी,साथी भनेर मरिहत्ते गर्नुहुन्छ,खोई त?यही हो दोहोरो सद्भाव ?तपाई अलि सस्तो भएको त होइन नि?मान न मान मै तेर ा मेहमान!"

—

के भन्ने? प्रोफेसर अल्मलियो।पार्कमा पुगेर घाम ताप्दै बसे।प्रोफेसरको प्रवचन शुरु भयो," मेरी खुशी,तिम्रो कुरो जायज छ।मैले पनि फील गरेको हो।तर,तर,अलि फराकिलो चित्त बनाएर सोच त,माया र सद्भाव दुई किसिमको हुन्छ,व्यक्त र अव्यक्त।प्रेम प्रदर्शनको कुरो होइन, दर्शनको कुरो हो।यी झिनामसिना कुराहरु हुन् ।सबैको आफ्नो आफ्नो समस्या हुन्छ, हुन्छ। आदतको समस्या हुन्छ। हेर त,फेसबुक मेरो कुलत,आदत,एक समस्या,आफ्नै घरभित्र हेर,नन्दको जिन्दगी हेर, आफूले चाल पाए जतिको जिन्दगीमा हेर त,तनाव कति कति,यी यो चुनावको तनाव!हरेक मान्छे माकुरो हो,आफ्नै जालमा अल्झेको छ।

कसैले सम्झे पनि न सम्झे पनि खास फरक के हुन्छ?म पो फुर्सदिलो छु। मैले सम्झेर सम्पर्क गर्नु र अरुले नगर्नुलाई तुलना नगर्ने, आश नगर्ने,मलाई हेर, आफैंमा रमाएको छु।गीत गाएको छु। मैले मात्र फोन गर्ने,मलाई कहिलेकाही पनि नसम्झिने आफन्त पनि न भएको होइन,कुरो बुझ्दा सत्रथरिको पीर रहेछ जिन्दगीमा ।शरीर छ,रोग हुन्छ हुन्छ।आफन्तले सुख मात्र दिने होइन। यी झिनामसिना कुराहरु हुन् प्रियतमा!तिमी र म,हाम्रो परिवार,हाम्रो केन्,यही गठ बन्धन सफल भए पुग्यो। अरुको बारेमा सोचेर किन टाउको दुखाउने?हाम्रो धर्म सम्झिने हो,सद्भाव राख्ने हो,सकियो।लाइक र कमेन्ट आएन भनेर पिरिएजस्तै हो यो।चुरो कुरो, स्वस्थ रहने,मस्त र हने!बिन्दास!लाइफ झकास। "

" मैले पनि के भन्नुहुन्छ भनेर टेस्ट गरेकी नि,हजुर बोर्ड फस्ट!आई लभ यू प्रोफेसर बूढा!मलाई पनि छुन्न यस्ता झिनामसिना कुराहरुले। लू,एक हिन्दी गीत हो जाये!" प्रोफेसरले खुशीको फर्माइसमा गीत गायो," बहुत प्यार कर ते है तुमको सनम......" एक घन्टा पार्कमा बसेर निवास फर्किए,जोडी ।


## विषादी कारोबारमा संलग्न महानुभावहरूमा विशेष अनुरोध

♦विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस्।

♦नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस् ।

♦कारोबार गर्दा पञ्जिकृत विषादीहरूको मात्र कारोबार गर्नुहोस् ।

♦आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरूलाई आवश्यक प्रशिक्षण दिनुहोस् ।

♦विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस् ।

♦पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस् ।

♦विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस् ।

♦विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस् ।

♦पञ्जिकृत नभएका र प्रतिबन्धित विषादीबारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी आयात तथा बिक्री वितरण नगर्नुहोस् ।

**अनुरोधक**

**कृषि ज्ञान केन्द्र**

**लमजुङ**

**गण्डकी प्रदेश, नेपाल**

**फोन नं. ०६६५२०१३०**

# दोर्दीको हिलेमा निःशुल्क स्वास्थ्य शिविर

नौथर शेरा । दोर्दी गाँउपालिका ८ हिले टक्सारमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविरमा महिला तथा प्रजजन स्वास्थ्य, हाड जोर्नी तथा नासारोग, मधुमेह, रक्तचाप, दाँत, आँखा सम्बन्धी जाँच गरिनुका साथै प्रयोगशाला सेवा समेत दिइएको थियो । र पिसाव जाँच, दन्त रोग परिक्षण तथा दाँत निकाल्ने, आँखा परिक्षण र नसर्ने रोगहरूको परिक्षण सेवा दिइएको थियो ।

शनिवार र आइतवार दुई दिनसम्म सञ्चालन भएको शिविरमा तीन सय ३६ जना लाभान्वित भएका छन् । शिविरमा विशेषज्ञ र प्रयोगशाला सेवा पनि उपलब्ध गराइएको थियो । शिविरमा ३३ जना महिलाले स्त्री तथा प्रजनन स्वास्थ्य सम्वन्धि सेवा लिएका छन् । शिविर सेवा लिएका मध्ये ३५ जनाले हाडजोर्नी तथा नसारोग सम्बन्धी, ५५ जनाले दाँत सम्बन्धी, ६६ जनाले आँखा सम्वन्धि र ७३ जनाले ल्याब परिक्षण सेवा लिएका जिल्ला अस्पताल लमजुङका ल्याब टेक्निसियन कुमार तिवारीले जानकारी दिए ।

दोर्दी गाउँपालिका ८ नम्बर वडा कार्यालयको आयोजन र जिल्ला अस्पताल लमजुङको प्राविधिक सहयोगमा स्वास्थ्य शिविर आयोजना गरिएको हो । शिविरमा जिल्ला अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. हेमा छन्त्याल डा. अन्जु गुरूङ, डा. आमुल्य सोती, डा. छिरिङ स्याङ्बो सहितको डाक्टरहरूको समूहले विरामीको स्वास्थ्य परीक्षण तथा उपचार सेवा उपलब्ध गरेका थिए । स्वास्थ्य परीक्षण पश्चात विरामीहरूलाई निशुल्क औषधि समेत वितरण गरिएको थियो ।

आफ्नै गाउँमा विभिन्न स्वास्थ्य समस्याको निशूल्क जाँच र डाक्टरहरूसँग परामर्श लिन पाएमो स्थानीयले खुसी ब्यक्त गरेका थिए । गाउँमा स्तरीय स्वास्थ्य संस्था नभएको र सामान्य स्वास्थ्य परीक्षणको लागि सदरमुकाम तथा जिल्ला वाहिर धाउनुपर्ने अवस्थाका स्थानीय गाउँमै निःशुल्क स्वास्थ्य शिविर आउँदा खुशी भएका वडा नं. ८ का अध्यक्ष आशिष तामाङले बताए ।

# दोर्दी 'ए' जलविद्युतको ब्यवसायीक उत्पादन शुरु

बेसीशहर । लमजुङमा निर्माण सम्पन्न २५ मेगावाट माथिल्लो दोर्दी 'ए' जलविद्युत् आयोजनाले ब्यावसायिक विद्युत् उत्पादन सुरू गरेको छ । गत महिना विद्युत् परीक्षण उत्पादन सुरू गरेको आयोजनाले १७ मंसिरदेखि ब्यावसायिक विद्युत् उत्पादन सुरू गरेको हो । आयोजनाले भूकम्प, नाकाबन्दी तथा विभिन्न प्राकृतिक प्रकोपको समस्या झेल्दै विद्युत् उत्पादन सुरू गरेको आयोजनाका सञ्चालक राजेन्द्र वस्तीले जानकारी दिए ।

आयोजनाबाट ०७६ चैतदेखि विद्युत् उत्पादन सुरू गर्ने तालिका थियो । प्रसारणलाइनको समस्या, कोरोना महामारी र बाढीपहिरोको कारण उत्पादन तालिका धकेलिँदै आएको हो । यसअघि आयोजना सम्पन्न गर्न चार अर्ब ६४ करोड ६१ लाख रूपैयाँ लागत लाग्ने अनुमान गरिएकोमा भूकम्प, कोभिड १९ को प्रकोप र बाढी पहिरोको कारण यातायात अबरूद्ध हुनु र निर्माणस्थलमा क्षति पुग्नु लगायत विभिन्न कारणले आयोजनामा पटक पटक क्षतिको पुनर्निर्माण गर्दा लागत बढेको आयोजनाले जनाएको छ ।

आयोजना अन्तर्गत बाँधस्थल लोदो खोलाबाट दुई हजार सात सय मिटर लामो भूमिगत सुरूङ बनाई खोलाका पानी दुई हजार सात सय मिटर लामो पेनस्टक पाइपमार्फत विद्युतगृहमा ल्याइ विद्युत उत्पादन गरिएको छ । रन अफ द रिभरमा आधारित उक्त आयोजनाले ०७१ वैशाख १५ मा विद्युत् उत्पादन अनुमति पाएको थियो । आयोजनाको प्रतिमेगावाट लागत १८ करोड ५४ लाख रूपैयाँ रहेको छ । आयोजनाबाट वार्षिक १३ करोड ६७ लाख ८४ हजार आठ सय ६९ युनिट बिजुली उत्पादन हुने बताइएको छ ।

नदीको बहावमा आधारित (रन अफ द रिभर) प्रकृतिको आयोजनाको प्रतिफल १५.४५ प्रतिशत हुने बताइएको छ। दोर्दी गाउँपालिका ६ ढोडेनी र वडा नं ७ फलेनीमा निर्माण गरिएको आयोजनाले तल्लो सिमीस्थित लोदो खोलाको दोभानमा निर्माण गरिएको बाँधबाट मालेबगरमा निर्माण गरिएको विद्युतगृहमा लगेर पानी खसाल्नेछ । हाल आयोजनाबाट १५ मेगावाट विद्युत् उत्पादन भइरहेको आयोजनाले जानकारी दिएको छ ।

आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्न पिपिए गरिएको छ । जस अनुसार हिउँदको समयमा प्रति युनिट आठ रूपैयाँ ४० पैसा र बर्खाको समयमा चार रूपैयाँ ८० पैसा रहने गरी प्रवर्द्धक कम्पनी लिबर्टी र विद्युत् प्राधिकरणबीच विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) भएको छ ।

आयोजनाबाट उत्पादित विद्युत् दोर्दी करिडोरको १३२ केभी राष्ट्रिय प्रसारणलाइनबाट मर्स्याङ्दी करिडोरको २२० केभी प्रसारणलाइनमा जोडिएको छ। दोर्दी करिडोरमा ५४ मेगावाटको सुपर दोर्दी 'ख', १२ मेगावाटको दोर्दी- १ लगायत आयोजना निर्माणाधीन छन् । २७ मेगावाटको दोर्दी खोलाबाट भने यसअघि नै ब्यावसायिक विद्युत् उत्पादन सुरू भइसकेको छ ।

# मर्स्याङ्दी गाउँपालिका पूर्णखोप सुनिश्चिता दीगोपना घोषणा




बेसीशहर । लमजुङको मर्स्याङदी गाउँपालिका पुर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा भएको छ । मंगलबार एक औपचारिक कार्यक्रमका विच गाउँपालिकालाई पुर्ण खोप सुनिश्चिता घोषणा भएको हो ।

गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा आवश्यक प्रक्रिया पुरा गरी सिँगो पालिकालाई पुर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरीएको गाउँपालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष अर्जुन गुरूङको प्रमुख अतिथ्यतामा पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा भएको हो । 'स्थानीय श्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्ण खोप पालिका हाम्रो प्रतिवद्धता' भन्ने नाराका साथ गाउँपालिका अध्यक्ष अर्जुन गुरूङले पूर्णखोप सुनिश्चितता दिगोपना गाउँपालिका घोषणा गरेका हुन् ।

कार्यक्रममा बोल्दै अध्यक्ष गुरूङले सबै स्वास्थ्य संस्थामा संघीय संरचना अनुरूपको निर्देशिका अनुसार स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समिति र वडा खोप समन्वय समितिको गठन भै आ-आफ्नो भूमिका र जिम्मेवारी निर्वाह भईरहेको उल्लेख गरे । स्वास्थ्य शाखाले दिगोपना र पूर्ण खोप सुनिश्चितताका लागि चैत मसान्त भित्र जन्मिएदेखि १५ महिना र १६ देखि २३ महिनाको पाईरहेका, पाईसकेका र छुटेका बालबालिकाहरूको खोपको घरभेट सर्वेक्षण गरेको थियो । सो अबसरमा वडा नं. ८ मा छुटेका दुई बालबालिकालाई खोप दिइएको थियो ।

गाउँपालिकामा जन्मेदेखि १५ महिनाका २ सय ४२ र १६ देखि ४९ महिनाका ५ सय ५२ जना बालबालिकाले सबैप्रकारका खोप लगाएको तथ्याङ्क रहेको गाउँपालिका स्वास्थ्य शाखाले जनाएको छ । गाउँपालिकामा १३ वटा स्वास्थ्य संस्थाले २७ वटा खोप केन्द्रबाट हरेक महिना तोकिएको मितिमा नियमित रूपमा खोप सेवा प्रदान गर्दै आएको स्वास्थ्य शाखा प्रमुख लुलबहादुर घलेले बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, प्रमुख प्रशासकीय अधिकृत ताराबहादुर तामाङ, वडाअध्यक्षहरू लगायतको उपस्थिति थियो । कार्यक्रमका सहभागीहरूले पूर्णखोप सुनिश्चता तथा दिगोपना कायमका लागि प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेका थिए ।

पूर्ण खोप सुनिश्चितता र दिगोपनाको रणनीति अनुरूप खोज र खोप कार्यक्रम अन्तर्गत वर्षमा एक पटक घरधुरी सर्वेक्षण गर्ने प्रावधान छ ।


## जनहितमा जारी सूचना

- मानव वस्तीमा चितुवा प्रवेश गरी विशेष गरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दुःखद घटनाहरू घटीरहेका छन्। यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति बर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं। यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ बिहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं।
- आफ्नो वस्ती नजिकै चितुवा देखेमा वा बस्तीमा प्रबेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा डिभिजन वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भीड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
पोखरा, नेपाल
फोनः ०६१-४६७७३२, ४६७७३३

# मध्यनेपालको भोर्लेटारमा भूकम्पको उद्दार नमूना अभ्यास



भोर्लेटार । लमजुङको मध्यनेपालमा विपद व्यवस्थापन सम्वन्धी भूकम्पमा उद्धार नमुना अभ्यास भएको छ । गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयको नियमित कार्यक्रम अन्तर्गत सशस्त्र प्रहरीले मध्यनेपाल–६, भोर्लेटारमा उद्धार नमूना अभ्यास गरेको हो ।

भूकम्पजन्य प्रकोपमा परि विचलित समुदायको खोजी तथा उद्धारका साथै प्राथमिक उपचारमा समेत के कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा सशस्त्र प्रहरीले कृतिम नमुना अभ्यास गरेको हो । भुकम्प आईपरेको प्रारम्भिक चरणमा गरिने खोज उद्धार, भूकम्प प्रभावितहरूलाई पु¥याउन सकिने प्राथमिक उपचार सहयोग जस्ता विषयलाई लक्षित गरी नमुना अभ्यास भएको सशस्त्र प्रहरी गुल्म बेसीशहरका प्रमुख एवं सशस्त्र प्रहरी नायव उपरिक्षक मानबहादुर शाहीले बताए ।

विपद व्यवस्थापनका क्रममा भुकम्प बाहेक आगलागी नियन्त्रण, विपदमा ज्यान गुमाएकाको शव व्यवस्थापन लगायतको नमुना अभ्यास देखाईएको थियो । विपदपछिको खोज तथा उद्धारमा सशस्त्र प्रहरीले नमुना अभ्यास गरेका थिए भने विपदमा ज्यान गुमाएकाहरूको मुचुल्का उठाउने तथा शव व्यवस्थापनमा नेपाल प्रहरीले नमुना अभ्यास गरेको थियो ।

नमूना अभ्यास सम्पन्न भएसँगै आयोजित औपचारिक कार्यक्रममा बोल्दै मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले विपद व्यवस्थापनका सन्दर्भमा प्रत्येक समुदायमा तालिम प्राप्त जनशक्ती तयार गर्नुपर्नेमा जोड दिए । जिल्ला सदरमुकाम वा बजार क्षेत्रमा मात्रै मात्रै विपद व्यवस्थापन जनशक्ती तयार गरेर ग्रामिण भेगका सम्भावित समस्या समाधान नहुने भन्दै प्रत्येक गाउँमा यस विषयमा प्रशिक्षण आवश्यक रहेकोमा सचिव अधिकारीको जोड थियो ।

सशस्त्र प्रहरीले बिपद् ब्यवस्थापन समिति मार्फत बिपद् कार्यदल गठन गरि उनिहरूलाई बिपद् आईपरेकाहरूलाई खोजी तथा उद्धार कार्यका लागि बिभिन्न तालिम संचालन गर्दै आएको छ । सोहि क्रममा मध्यनेपालका विभिन्न वडाहरूबाट प्रतिनिधत्व हुनेगरी २० जनालाई तीन दिनको प्रशिक्षण समेत दिइएको थियो । सो अनुरूप प्रयोगात्मक अभ्यासका लागि भुकम्प प्रतिकार्य कृत्रिम नमुना अभ्यास कार्यक्रम संचालन गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।




# दोर्दीमा लउबासंघको नयाँ ईकाइ गठन

नौथर शेरा । लमजुङ उद्योग बाणिज्य संघ दोर्दी इकाई गठन भएको छ । जिल्लाका तीन स्थानिय तहहरूमा आफ्नो इकाई गठन गर्ने संघको निर्णय अनुसार सोमवार दोर्दीमा नयाँ इकाई गठन गरेको हो । लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष गुणराज सिलवालको अध्यक्षता एवं दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीको प्रमुख अतिथ्यतामा भएको व्यवसायीहरूको भेलाले समिति गठन गरेको हो ।

कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष अधिकारीले उद्योगी व्यवसायीहरूको प्रवर्द्धनका लागि गाउँपालिकाले सक्दो सहयोग गर्ने बताए। पछिल्लो समय मुलुकको अर्थतन्त्रमा परेको प्रभावसँगै उद्योगी व्यवसायीहरूपनि समस्यामा परेको भन्दै यसबाट माथि उठ्न र रचनात्मक कामहरूका लागि गाउँपालिकाले सहकार्य गर्न तयार रहेको उनले बताए ।

कार्यक्रममा लमजुङ उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष रामकुमार श्रेष्ठ, दोर्दी गाउँपालिका पूर्व अध्यक्ष ओमबहादुर गुरूङ, वडा अध्यक्ष गणेश खत्री, उदीपुर इकाई अध्यक्ष अमृत श्रेष्ठ, पूर्व अध्यक्ष बलराम श्रेष्ठ, व्यवसायी डिल्लीराम भारती लगायतले मन्तव्य राखेका थिए ।

भेलाले व्यवसायी डिल्लीराम भारतीको अध्यक्षतामा सात सदस्यीय तदर्थ समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा सोमराज पाण्डे, सचिवमा गमवहादुर गुरूङ र कोषाध्यक्ष प्रेमवहादुर गुरूङ चयन हनुभएको छ । यस्तै सदस्यहरूमा उषा धिताल कुँवर, सरस्वती गुरूङ र राजन कुँवर चयन भएका छन् ।

लमजुङ उद्योग बाणिज्य संघको गत पौषमा भएको संघको साधारण सभाले जिल्लाका तीन स्थानीय तहहरूमा इकाई गठन गर्ने निर्णय गरेको थियो । सोही अनुसार अव क्होलासोथार गाउँपालिका र दुधपोखरी गाउँपालिकामा पनि नयाँ इकाई गठन गरिने संघले जनाएको छ । जिल्लामा संघीयता पश्चात कार्यन्वयनमा आएका स्थानीय तह अनुसार आफ्नो इकाई संरचनाहरू पनि विस्तार गर्नका लागि थप तीनवटा स्थानीय तहहरूमा नयाँ इकाई गठन गर्ने निर्णय गरेको संघका अध्यक्ष सिलवालले जानकारी दिए ।

यसअघि लमजुङ उद्योग बाणिज्य संघमा आठवटा मात्रै इकाई थिए । अव तिनवटा थपिएसँगै ११ वटा इकाई हुनेछन् । संघीयता अघि जिल्लामा बेसीशहर, उदीपुर, सुन्दरबजार, भोटेओडार, भोर्लेटार, राइनास, दुइपिप्ले र खुदी इकाइ थिए । संघीयतासंगै पालिकाहरू  न मध्यनेपालमा दुईवटा र सुन्दरबजारमा दुईवटा इकाई रहेका थिए । त्यसैगरी राईनास र मर्स्याङदीमा एकएकवटा इकाई रहेका छन् ।

यसअघि दोर्दीका व्यवसायीहरू उदिपुर इकाईमो, दूधपोखरीका व्यवसायीहरू राईनास इकाईमा र क्होलासौंथारका व्यवसायीहरू बेसीशहर इकाईमा आवद्ध थिए । अव प्रत्येक पालिकामा इकाई गठन भएसँगै प्रत्येक पालिकामा स्वायत्त इकाई रहने छन् ।

व्यवसायीहरूको हकहित र प्रवर्द्धनका लागि गठन भएको लमजुङ उद्योग बाणिज्य संघमा हाल जिल्लामा तीनहजार बढी व्यवसायी आवद्ध छन् ।

# बुद्धजयन्तीमा बेसीशहरमा शान्ति र्‍याली



बेसीशहर । बेसीशहरमा २५६७ औं वुद्ध जयन्तीको अवसमा वृहत शान्ति र्‍याली सहित सास्कृतिक कार्यक्रम आयोजना गरिएको छ । तमु ह्युला छोज धीं बेसीशहर इकाइको आयोजनामा बेसीशहर ७, शान्तिटोल भवनमा भएको कार्यक्रम वौद्ध सदन रामघाट पोखराका धर्मगुरू हर्कजंग गुरूङको प्रमुख आतिथ्यतामा भएको हो ।

बुद्धजयन्तीका अवसरमा आयोजित विशेष समारोहमा प्रमुख अतिथि धर्मगुरू गुरूङले वौद्ध धर्मको महत्व वारे प्रवचन दिएका थिए । उनले भगवान गौतम वुद्धको ज्ञान र उपदेशलाई आत्मसात गरेर अगाडी वढेमा समाज र देशमा शान्ति स्थापित हुने बताए । पछिल्लो समय धर्म संस्कार र संस्कृतिप्रति सवैको वितृष्णा जागेको वताउदै उनले अनुशासित, अहिंसा र शान्तिको मार्गमा लैजान वालवालिकालाई घरपरिवारबाटै प्रेरित गरिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा तमु ह्युला छोज धीं गुरूङ राष्टिय परिषदका केन्द्रीय लेखा समिति संयोजक खेम जंग गुरूङ, बेसीशहर नगरपालिकाका उपप्रमख पद्मा गुरूङ, तमु ह्युला छोज धीं लमजुङका अध्यक्ष जीवराज घले, ह्योल्मो सेवा समाजका अध्यक्ष जेवि लामा लगायतले भगवान गौतम वुद्धको ज्ञान र वुद्धत्वको वारेमा प्रकास पारेका थिए । (बाँकी पृष्ठ ३ मा)

# पश्चिमको रूदीखोलामा मोटरेवल पुल निर्माण, स्थानीय खुशी



बेसीशहर । कास्कीसंग सिमाना जोडिएको पश्चिम लमजुङको रूदीखोलामा मोटरेवल पुल निर्माण भएपछि । कास्कीको मादी गाउँपालिका ८, तुमरू र लमजुङको क्व्होलासोथार गाउँपालिका ५, सिङ्दीको सिमलतुँ जोड्ने रूदीखोला माथि पुल निर्माण गरिएको हो ।

क्व्होलासोंथार गाउँपालिका ५ सिङ्दी र ६ पसगाउँलाई प्रत्यक्ष प्रभावित पार्ने गरी निर्माण गरिएको उक्त पुल बनेपछि पश्चिम लमजुङका भोजे, गिलुङ, पसगाउँ, सिङदी, चरागाउँ, घाम्राङ, साल्मे भुजुङ लगायतका गाउँका बासीन्दा पोखराबाट सिधैं आवतजावत गर्न सक्ने छन् ।

पुलको गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री एवं नेकपा एमालेका नेता पृथ्वीसुब्बा गुरूङले आइतबार एक कार्यक्रमबीच पुलको उदघाटन गरेका छन् । सो अवसरमा उनले सडक र पुलले जनताको भाग्य लिएर आउने भन्दै अब पश्चिम लमजुङको विकासको ढोका खुलेको दावी गरे ।

त्यस अवसरमा उनले रूदीखोलाको पुल बनेपछि त्यस क्षेत्रका बासीन्दालाई आवतजावतमा सजिलो हुनुका साथै गाउँका उत्पादन बजार लैजान र बजारका सामान गाउँमा ल्याउन सहज हुने बताए । उनले अब गाउँलेहरूले उत्पादन बढाउनु पर्नेमा जोड दिए । गाउँमा अर्गानिक तरकारी देखि फलफूल र अन्नहरू पाइने भन्दै यस्ता चिजहरूको बजारमा माग बढी हुने भएकाले त्यस्तो उत्पादन बढाइ आयआर्जनमा लाग्न उनले अनुरोध गरे ।

सडक पुल २ करोड ७४ लाख ८७ हजार ६ सय २६ रूपैयाँ ५६ पैसामा निर्माण भएको पूर्वाधार विकास कार्यालय लमजुङले जनाएको छ । कार्यालयका ईन्जिनियर आशिष पोख्रेलका अनुसार नयाँबाटो-जीएस-आइडी जेभीले आरसीसी-टी-बिम प्लेट गर्डर प्रविधिको पुल निर्माण गरेको हो । यो पुलको लम्बाई ३० दशमलव ६० मिटर र चौडाइ ६ मिटरको रहेको छ । उक्त पुलले ६ सय ६८ घरका २ हजार ८ सय ७७ जना गाउँलेलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यालयले जनाएको छ ।

क्व्होलासोंथार गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरूङको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष गमीमाया गुरूङ, वडा नं. ५ का अध्यक्ष मनलाल गुरूङ, ३ का अध्यक्ष आसबीर गुरूङ, ७ का अध्यक्ष लक्षुमन गुरूङ, ८ का अध्यक्ष हुमराज गुरूङ, कास्कीको मादी गाउँपालिका ८ का अध्यक्ष प्रेमबहादुर गुरूङलगायतको उपस्थित थिए ।

# सफा मर्स्याङदी अभियान

बेसीशहर । लमजुङको मर्स्याङदी गाउँपालिकाले सफा मर्स्याङदी अभियान शुरू गर्ने भएको छ । गाउँपालिकालाई सरसफाईमा नमुना बनाउने उद्देश्य सहित समग्र गाउँपालिकामा एकैसाथ सफाई अभियान शुरू गर्ने भएको छ ।

गाउँपालिकाले विश्व वातावरण दिवसको अवसर पारी आगामी जेठ ५ गतेबाट अभियान शुरू गर्ने जनाएको छ । विश्व वातावरण दिवसका दिन गाउँपालिकाको विभिन्न क्षेत्रमा सरोकारवालाहरूको उपस्थितीमा एकैसाथ सफाई अभियान शुरू गरीने गाउँपालिका अध्यक्ष अर्जुन गुरूङले जानकारी दिए ।

गाउँपालिका अन्तर्गतका प्रत्येक गाउँ तथा टोलहरूमा फोहोर मैला व्यवस्थापन, फोहोरबाट पर्ने प्रभावको न्युनिकरण तथा गाउँपालिकाको अधिकाँश भाग पर्यटकिय क्षेत्र समेत भएकोले प्रत्येक गाउँलाई स्वच्छ, हराभरा र सफा बनाउनका लागि अभियान शुरू गर्न लागिएको गाउँपालिका अध्यक्ष गुरूङले जानकारी दिए ।

गाउँपालिकाले यसअघि पनि सरसफाईका(बाँकी पृष्ठ ३ मा)

## बसीबियाँलो........ऋषि श्रेष्ठ





## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड